FOR NEPALI BY NEPALI

नेपालीका लागि नेपाली

# Non-Resident Nepali Association (NRNA)

# गैरआवासीय नेपाली संघ

Ref. N-181/015-17

GoN Registration No. : 01-2070/71

## शोक बक्तब्य

अफगानिस्तानको राजधानी काबुलमा आज सोमबार बिहान भएको आत्मघाती बिष्फोटमा परी बैदेशिक रोजगारीका क्रममा त्यहाँ पुगेका १४ जना नेपाली दाजुभाईको दुखद् निधन भएको खवरले संसारभर छरिएर रहेका हामी सम्पूर्ण गैरआवासीय नेपालीहरु स्तब्ध र मर्माहत भएका छौं ।

यस दुखद् घटनामा ज्यान गुमाउनु भएका नेपाली दाजुभाईका परिवार तथा आफन्तजनमा हार्दिक समबेदना प्रकट गर्दै घाइते नेपाली दाजुभाईको सिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं ।

साथै निहत्था नेपाली कामदारमाथि भएको यस आतंककारी आक्रमणको कडा भर्त्सना गर्दै दोषी उपर तत्काल कारबाही गर्न तथा मृतक तथा घाईतेहरुलाई उचित क्षतिपूर्ति दिन गैरआवासीय नेपाली संघ हार्दिक अपिल गर्दछ ।

बैदेशिक रोजगारीका क्रममा हाल अफगानिस्तानमा रहनुभएका नेपालीहरुमा सुरक्षा सावधानी अपनाउन तथा संकटको अबस्थामा एक अर्कालाई सहयोग गर्न हामी हार्दिक अनुरोध गर्दछौं ।

अफगानिस्तान जस्ता उच्च सुरक्षा चुनौती रहेका स्थानहरुमा नेपाली कामदार नपठाउन यस अघि संघले पटकपटक ध्यानाकर्षण गराउँदै आएको बिदितै छ । तसर्थ, यस्ता सुरक्षा जोखिम भएका मुलुकमा नेपाली कामदार पठाउने प्रकृया तत्काल बन्द गर्न र अफगानिस्तानमा कार्यरत नेपालीलाई सुरक्षित रुपमा घर फर्काउने वातावरण बनाउन हामी नेपाल सरकारसमक्ष जोडदार माग गर्दछौं ।

शेष घले
अध्यक्ष
गैरआवासीय नेपाली संघ,
अन्तराष्ट्रिय समन्वय परिषद् ।

मिति : २०७३ असार ६

NRNA Secretariat, FNCCI Building, Shahid Shukra FNCCI Milan Marg, Pachali, P.O.B 269, Kathmandu, Nepal
Tel: (977-1) 4215247, Fax:(977-1) 4262255, Email: contact@nrna.org.np, URL: www.nrna.org.np